

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ११ गते शुक्रबार ❑ 26 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरामा यातायात व्यवसायी आन्दोलित

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



पोखरामा यातायात व्यवसायीहरु आन्दोलित हुँदा जनताले सास्ती भोग्नु पर्‍यो । व्यवसायीको आन्दोलनको क्रममा ठाँउ ठाँउमा सडक अबरुद्ध हुने गरी सडक बाटोमा तेर्साियर अबरोध गर्दा जनताले सास्ती भोग्नु परेको स्थानियले गुनासो गर्नु भयो ।

गण्डकी प्रदेश सरकारले २ पाङ्गे ४ पाङ्गे निजी (रातो प्लेट) का सवारी साधनलाई यात्रु ओसारपोसार गर्न दिने कार्ययोजना ल्याउने तयारी गरेको भन्दै त्यसको बिरोधमा बिहीबार पोखरामा सडक आन्दोलन भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका प्रदेश संयोजक केदार पौडेलले बताउनु भयो ।

राज्यको नियम अनुसार कालो प्लेटका सवारी साधन मार्फत यात्रु ओसारपोसर गरेको अबस्थामा हाल रातो प्लेटका सवारीलाई पनि सार्वजनिक यातायातको मान्यता दिनु नेपालको कानून विपरित भएकोले त्यसको बिरुद्धमा सडकमा उर्त्रिएको उहाँले दाबी गर्नु भयो । वैज्ञानिक भाडादर समयानुकुल समायोजन गर्नुपर्ने, यातायात मजदुर र व्यवसायीको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने, श्रम आयोग तत्काल गठन गर्नुपर्ने, सडक सुरक्षा योजना तत्काल लागू गर्नुपर्ने, यातायात प्राविधिकरण गठन गरि यातायात संचालनको कार्यविधि तयार गर्नुपर्ने र भौतिक पूर्वाधार शहरी विकास तथा यातायात मन्त्रालयले गठन गरेको कार्यदललाई क्रियाशिल गर्नुपर्ने माग सहित आफुहरु आन्दोलनमा उर्त्रिएको संयोजक पौडेलले जनाउनु भयो । आफुहरुले आज गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यबस्था मन्त्रालयमा ज्ञापन पत्र र त्यसको बोदार्थ भने कास्कीका प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरेको महासंघ गण्डकीका सचिव योगेन्द्र केसीले बताउनु भयो ।

आफुहरुको मागहरु यथासिघ्र सम्बोधन नभएमा यही साउन १३ गते आइतबारदेखि आ-आफ्नो सवारी साधनहरु घर ग्यारेजमा राखी लामो तथा छोटो दूरीका सवारी साधन संचालन नगर्ने व्यवसायीहरुले पत्रकार सम्मेलन मार्फत चेतावनी समेत दिनु भएको छ ।

सडक नै अबरुद्ध हुने गरी व्यवसायीहरुले सडकमा सवारी साधन राख्दा अत्यावसेक सवारी साधन आगमनमा अबरोध भएको थियो । यस बिषयमा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेलाई प्रश्न गर्दा सडक कसैले अबरोध गर्न नपाइने तत्काल खुलाउन ट्राफिक प्रहरीलाई निर्देशन दिएको प्रतिकृया दिनुभयो । पोखरामा अब कुनै ट्याक्सी मिटरमा चढ्न नमाने आफुहरुलाई खबर गरेमा तत्काल कार्वाही गर्ने महासंघका केन्द्रिय सचिव तथा स्याङजा गण्डकी यातायात व्यवसायी महासंघका अध्यक्ष भानुभक्त बराललेे बताउनु भयो । आफुहरुको मागहरु यथासिघ्र सम्बोधन नभएमा यही साउन १३ गते आइतबारदेखि आ-आफ्नो सवारी साधनहरु घर ग्यारेजमा राखी लामो तथा छोटो दूरीका सवारी साधन संचालन नगर्ने व्यवसायीहरुले पत्रकार सम्मेलन मार्फत चेतावनी समेत दिनु भएको छ । प्रदेश सरकारले समय सापेक्ष नयाँ प्रविधिलाई समेत अबलम्बन गरी निश्चित मापदण्डका आधारमा विभिन्न मोवाइल एपलाई सार्वजनिक यातायातकै मान्यता दिने गरी कार्ययोजना ल्याउने तयारी गरेको छ । यस बिषयमा भौतिक पूर्वाधार तथा यातायात व्यबस्था मन्त्रालयका अधिकृत अनिल सुवेदीले हाल उक्त मोवाइल एपहरुलाई कसरी संचालन गर्न सकिन्छ भनेर राय सल्लाह र सुझाव लिने कार्य भएको बताउनु भयो । व्यवसायीहरुले भने झै हाल तत्काल कार्ययोजना ल्याउने भन्दा पनि यस बिषयमा सरोकारवालासंग छलफलमै रहेको उहाँको भनाई छ । पोखरामा हाल इनड्राइभ, पठाओ, टुटर लगायतका मोवाइल एपहरु संचालन हुदै आएका छन्। उक्त एपको प्रयोग उचित ढंगले गर्दा आम उपभोक्ताले सहुलियत दरमा सेवा प्राप्त गर्ने विभिन्न एप कम्पनीहरुले दाबी गर्दै आउनु भएको छ ।

## अपाङ्गमैत्री कानून निर्माणको मस्यौदा प्रदेश सरकारलाई हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



अपाङ्गमैत्री कानून निर्माणको मस्यौदा गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ ।

राष्ट्रिय अपाङ्गता महासंघ गण्डकी प्रदेश र स्वालम्बन जीवनपद्धति केन्द्र पोखराले मस्यौदा गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापालाई हस्तान्तरण गरेको हो । कार्यक्रममा मन्त्री थापाले प्रदेश सरकारले बनाउन लागेको अपाङ्गता सम्बन्धी ऐनलाई प्रभावकारी बनाउन मस्यौदा सहायकसिद्ध हुने बताए । "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन निर्माणमा स्वालम्बन जीवनपद्धति केन्द्र पोखरा र राष्ट्रिय अपाङ्गता महासंघ गण्डकी प्रदेशले तयार पारेको मस्यौदाले प्रदेश सरकारलाई सहयोग मिल्नेमा आशावादी छु।", उनले भने। उनले मस्यौदामा अपाङ्गता भएको व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विषयलाई समेटेर मस्यौदा तयार पारिएको हुँदा प्रभावकारी हुने उल्लेख गरे । तयार पारिएको मस्यौदालाई थप परिमार्जित गरी अगाडि बढाइने प्रतिबद्धता समेत मन्त्री थापाको छ । उपसभामुख बिना थापाले सबै अपाङ्गता व्यक्तिहरुको अधिकार सुनिश्चित हुने गरि मस्यौदा तयार भएको बताइन् । राष्ट्रिय अपाङ्गता महासंघ गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले स्थानीय तह र प्रदेश सरकारले अपाङ्गता भएको व्यक्तिको दायित्वलाई बोध गर्ने गरी कानून निर्माण गर्नुपर्ने आवश्यकतालाई औंल्याएका छन् । उनले अपाङ्गता भएका व्यक्तिको हकहित र अधिकारका विषयलाई मस्यौदामा उल्लेख गरिएको बताए । स्वालम्बन जीवनपद्धति केन्द्र पोखराका अध्यक्ष हेम गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका सांसद देखि सरोकारवालाहरुको उपस्थिति थियो ।

## बाढीपहिरो लगायतका विपद्मा परी बिहीबारसम्म एक सय ३४ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
काठमाडौं, १० साउन

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरो लगायतका विपद्मा परी बुधबारसम्म एक सय ३४ जनाको मृत्यु भएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढीपहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा २२ जना, मधेस प्रदेशमा छ जना, बागमती प्रदेशमा २५ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा आठ जना र सुदूरपश्चिम प्रदेशमा १० जना गरी जम्मा एक सय ३४ जनाको मृत्यु भएको हो ।

बाढीपहिरोमा परि काठमाडौं उपत्यकामा नौं जना, कोशी प्रदेशमा ३४ जना, मधेस प्रदेशमा नौ जना, बागमती प्रदेशमा नौ जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा ३५ जना र सुदूरपशचिम प्रदेशमा १४ जना गरी जम्मा एक सय ४८ जना घाइते भएका प्रवक्ता कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाढीपहिरामा परी कोशी प्रदेशमा दुई जना, बागमती प्रदेशमा दुई जना, गण्डकी प्रदेशमा एक जना, लुम्बिनी प्रदेशमा एक जना र कर्णाली प्रदेशमा एक जना गरी सात जना बेपत्ता भएका छन् ।

बेपत्ता भएकाको खोजी कार्य जारी रहेको छ ।" बाढीको कारण जम्मा एक सय ८४ घर डुबानमा परेका छन् । दुई सय ३७ वटा घर, ८६ वटा गोठ, ४३ वटा पुल, दुई वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ । बाढीपहिराकै कारण छ सय तीन वटा पशुचौपाया मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार ३० घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।

## एक हजार दुई सय ९९ कोटाका लागि छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा विश्वविद्यालयले छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि एक हजार दुई सय ९९ कोटाको दरखास्त आह्वान गरेको छ ।

अनलाइन विधिबाट दरखास्त दिन सक्नेगरी विश्वविद्यालयले सूचना प्रकाशित गर्दै विश्वविद्यालयमा सञ्चालित स्नातकतहका विभिन्न सङ्कायमा छात्रवृत्ति आव्हान गरेको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो । विश्वविद्यालयले विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत सञ्चालित बिई कम्प्युटर, बिई आर्किटेक्चर, बिई सिभिल, बिई सिभिल (रुरल), बिई इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, बिई इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, बिई सफ्टवेयर, बिई आइटी र बिई सिभिल डिप्लोमा होल्डर्स, बिसिए र बिएस्सी इन्भाइरोन्मेन्ट कार्यक्रममा चार सय ९० कोटाका लागि दरखास्त आह्वान गरेको छ । व्यवस्थापन सङ्कायअन्तर्गत सञ्चालित बिबिए, बिबिए (फाइनान्स), बिसिएस आइटी, बिएचसिएम, बिएचएम र बिबिए टीटी कार्यक्रममा सात सय ७० कोटा तथा मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत सञ्चालित बिडेभ्स, बिइसिएस र बिएएलएलबी कार्यक्रममा ३९ कोटाका लागि दरखास्त आह्वान गरेको ढकालले जानकारी दिनुभयो । विश्वविद्यालयले हालै विभिन्न महाविद्यालयमा कार्यक्रम र 'सेक्सन' थप गरेकाले उल्लिखित छात्रवृत्ति कोटा अझै बढ्न सक्ने जनाएको छ । विश्वविद्यालयले आङ्गिक महाविद्यालयमा कूल विद्यार्थी भर्ना कोटाको २० प्रतिशत र सम्बन्धन प्राप्त महाविद्यालयहरूमा कूल विद्यार्थी भर्ना कोटाको १० प्रतिशतका दरले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । पोखरा विश्वविद्यालय छात्रवृत्ति नियमावली–२०६५ अनुसार विश्वविद्यालयले स्थानीय छात्रवृत्ति र पोखरा विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्तिको कोटाबाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित, दुर्गम, दलित, जनजाति र मधेसी समुदायलाई सुरक्षित गरेको छ । जसमध्ये खुला र आरक्षित दुवै प्रकारका छात्रवृत्ति कोटामा महिलाहरूका लागि ५०/५० प्रतिशत कोटा सुरक्षित रहने व्यवस्था मिलाइएको छ ।

विश्वविद्यालयले उपलब्ध गराउने निःशुल्क छात्रवृत्ति कोटामा नियमानुसार सामुदायिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि १० सम्म अध्ययन गरी एसइई वा एसएलसी उत्तीर्ण गरेका र छात्रवृत्ति छनौट प्रवेश परीक्षामा उत्तीर्ण भएका उम्मेदवार हरूलाई तेस्रो चरणको छात्रवृत्ति वितरण गरिसकेपछि पनि कोटा रिक्त रहन गएमा योग्यताक्रमका आधारमा छात्रवृत्ति उपलब्ध गराउने जनाएको छ। छात्रवृत्तिका लागि यही साउन ३० गतेसम्म अनलाइनमार्फत दरखास्त दिनसक्ने व्यवस्था मिलाइएको ढकालले जानकारी दिनुभयो ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## राम्रो कर्म गरे, राम्रै फल पाइन्छ : नवनियुक्त मुख्यसचिव

**रासस**
काठमाडौं, १० साउन

नेपाल सरकारले कायम मुकायम मुख्यसचिव लीलादेवी गड्तौलालाई शुक्रबार मुख्य सचिवमा नियुक्त गरेको छ । मुलुकको प्रशासनिक इतिहासमा उहाँ नै प्रथम महिला मुख्यसचिव हुन सफल हुनुभएको हो ।

वर्तमान सरकारले नै उहाँलाई असार ३१ गते निमित्त मुख्यसचिवबाट कामु मुख्यसचिवको जिम्मेवारी दिएको थियो ।

विसं २०२३ साल भदौ १५ मा तेन्हथुममा जन्मनुभएकी गड्तौला विसं २०५२ मा नेपालको निजामति सेवाको न्याय समूहको शाखा अधिकृतबाट राष्ट्र सेवामा प्रवेश गर्नुभएको थियो । विसं २०६३ मा उपसचिव, विसं २०७० मा सहसचिव, २०७७ मा सचिवमा बढुवा हुनुभएको थियो । उमेर हदका कारण उहाँ आउँदो भदौ १५ बाट सेवा निवृत्त हुनुहुनेछ । 'जस्तो कर्म गर्‍यो, त्यस्तै फल प्राप्त हुन्छ' भन्ने विश्वास राख्ने नवनियुक्त मुख्यसचिव गड्तौलाले निजामति सेवामा राम्रै कर्म गरेको परिणामकारूपमा यो जिम्मेवारी प्राप्त भएको राससलाई प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "प्रधानमन्त्री केपी ओलीको नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद्ले मलाई कामु मुख्यसचिवको जिम्मेवारी दिएको थियो । दश दिनपछि मुख्यसचिवमा आज नियुक्त गरेको छ । यो सरकार महिलाप्रति उदार छ भन्ने देखियो, न्याय सेवाको कर्मचारीलाई मुख्यसचिवको जिम्मेवारी दिनुभएको छ, वर्तमान सरकारप्रति धन्यवाद छ ।" इमान्दार भएर काम गरेमा कही न कही मूल्याङ्कन र अवसर प्राप्त गर्ने रहेछ भन्ने सन्देश समस्त निजामति कर्मचारीमा गएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्याङ्जाबाट संघ प्रदेशको सवा अर्ब फिर्ता

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० साउन

स्याङ्जाबाट संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट मध्ये खर्च गर्न नसक्दा झण्डै सबा अर्ब रकम फिर्ता भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा प्राप्त बजेट मध्ये एक अर्ब १२ करोड ६७ लाख २१ हजार ६ सय २६ रुपैयाँ फिर्ता भएको हो ।

कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार संघबाट ७ अर्ब ६६ करोड ४९ लाख ९५ हजार ५ सय ६४ र प्रदेशबाट ३ अर्ब २२ करोड ७६ लाख १७ हजार ९ सय ३० गरी प्राप्त कुल १० अर्ब ८९ करोड २६ लाख १३ हजार ४ सय ९४ मध्ये ९ अर्ब ७६ करोड ५८ लाख ९१ हजार ८ सय ६८ मात्रै खर्च हुँदा उक्त रकम फिर्ता भएको जनाइएको छ ।

संघबाट प्राप्त चालु र पुँजीगत गरी ७ अर्ब ६६ करोड ४९ लाख ९५ हजार ५ सय ६४ रुपैयाँको ९३ प्रतिशत अर्थात ७ अर्ब १४ करोड ४० लाख ३१ हजार ५ सय ७१ रुपैयाँ खर्च गरेर बाँकी रहेको ५२ करोड ९ लाख ६३ हजार ९ सय ९३ रुपैयाँ फिर्ता भएको छ । संघीय सरकारले उपलब्ध गराएको चालु खर्च ७ अर्ब ५५ करोड ६ लाख ७५ हजार ४ सय ८ रुपैयाँ मध्ये ४९ करोड ९३ लाख ३० हजार ९ सय ५८ रुपैयाँ फिर्ता हुँदा ७ अर्ब ५ करोड १३ लाख ४४ हजार ४ सय ५० रुपैयाँ मात्र खर्च भएको कोष नियन्त्रक ईन्द्रप्रसाद पौडेलले बताए । चालु खर्च तर्फ ९३ प्रतिशत खर्च गरेका सरकारी कार्यालयले संघीय सरकारले उपलब्ध गराएको ११ करोड ४३ लाख २० हजार एक सय ५६ रुपैयाँ पुँजीगत खर्च मध्ये ९ करोड २६ लाख ८७ हजार एक सय २० खर्च गरेर २ करोड १६ लाख ३३ हजार ३६ रुपैयाँ फिर्ता गरेका छन् । त्यस्तै प्रदेश सरकारबाट प्राप्त कुल बजेट ३ अर्ब २२ करोड ७६ लाख १७ हजार ९ सय ३० रुपैयाँ मध्ये २ अर्ब ६२ करोड १८ लाख ६० हजार २ सय ९७ रुपैयाँ खर्च हुँदा करिब १९ प्रतिशतले हुन आउने अर्थात ६० करोड ५७ लाख ५७ हजार ६ सय ३३ रुपैयाँ फिर्ता भएको छ । प्रदेश सरकारले चालु खर्च तर्फ दिएको ८० करोड ३३ लाख ३० हजार ९ सय ३० रुपैयाँ मध्ये ६० करोड १ लाख ९३ हजार २ सय ४१ रुपैयाँ खर्च गरेका सरकारी कार्यालयले झण्डै २५ प्रतिशत अर्थात २० करोड ३१ लाख ३७ हजार ६ सय ८९ रुपैयाँ फिर्ता गरिएको छ । उता प्रदेश सरकारकै पुँजीगत २ अर्ब ४२ करोड ४२ लाख ८७ हजार बजेटमा २ अर्ब २ करोड १६ लाख ६७ हजार ५६ रुपैयाँ खर्च गरेर ४० करोड २६ लाख १९ हजार ९ सय ४४ रुपैयाँ फिर्ता गरेका छन् । जिल्लाका सरकारी कार्यालयले संघीय बजेटको ९३ र प्रदेश सरकारको बजेटमा ८१ प्रतिशत मात्रै खर्च गर्न सफल भएका छन् । संघ र प्रदेश सरकारले दिएको झण्डै ४३ करोड रुपैयाँ पुँजीगत रकम फिर्ता हुनु जिल्लाकै लागि दुर्भाग्य भएको भन्दै सरोकारवालाले बताए । सरकारी कर्मचारीको चरम लापरबाही र जिल्लाका अगुवाहरुको अर्कमन्यता र समन्वय अभाबमा पुँजीगत खर्च तर्फको बजेट फिर्ता हुनु दुःखद भएको उनीहरुको बुझाई छ ।

# होटल संघ पोखरा नेपालद्वारा दुःख व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पछिल्ला महिनाहरुमा नेपालमा भएका सवारी र हवाई दुर्घटना तथा प्राकृतिक विपत्तीमा परी दर्जनौं व्यक्तिहरुले ज्यान गुमाएको घटनाप्रति होटल संघ पोखरा नेपालले दुःख व्यक्त गरेको छ ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले विहीबार जारी गरेको विज्ञप्तिमा गत २८ असारको विहान नारायणगढ-मुग्लिन सडकको भरतपुर महानगरपालिका- २९ सिमलतालमा पहिरोमा परी दुई वटा बस त्रिशुली नदीमा बग्दा भएको धनजनको क्षतिले संघ मर्माहत भएको उल्लेख छ । यसैगरी श्रावण नौ गते काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सौर्य एयरलाइन्सको विमान दुर्घटना हुँदा १८ जनाको ज्यान गएको घटना समेत उत्तिकै दुःखदायी भएको संघले जनाएको छ । बर्खा लागेसँगै कास्की लगायत नेपालका विभिन्न जिल्लामा भएका प्राकृतिक विपत्ती तथा बाढी र पहिरोमा परी थुप्रैको ज्यान जाँदा संघ स्तब्ध भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'उल्लेखित सबै खालका घटना र दुर्घटनामा परी ज्यान गुमाउनेहरुप्रति संघ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्न चाहन्छ । घटनामा परी घाइते भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनीहरुको यथोचित उपचारका लागि संघ सरकारसँग अनुरोध गर्न चाहन्छ । साथै, दुर्घटना र विपत्तीका क्रममा वेपत्ता भएकाहरुको खोजी कार्यलाई निरन्तरता दिन समेत सरकारसँग संघ अपिल गर्न चाहन्छ ।,' विज्ञप्तिमा भनिएको छ । भविश्यमा हुन सक्ने यसप्रकारका घटना, दुर्घटना तथा विपत्तीलाई ख्याल गर्दै उद्धार संयन्त्र, उपकरण र सूचना प्रणालीलाई चुस्त र दुरुस्त राख्न समेत संघले सरकारको ध्यानाकर्षण गराएको छ । स्थल, जल होस् वा हवाई सबै मार्गमा संचालन हुने यातायात साधन, तिनको सेवा र सुरक्षा व्यवस्थालाई ख्याल गरेर अगाडि बढ्ने वातावरणका लागि समेत सरकार तथा निजी क्षेत्रसँग संघले अनुरोध गरेको छ । यसप्रकारका घटना तथा दुर्घटनाबाट पर्यटन लगायत अन्य क्षेत्र समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभावित हुने विषय स्मरण गराउँदै संघले भविश्यमा हुन सक्ने घटना, दुर्घटना तथा विपत्तीको पूर्व तयारीमा सचेत रहन सरकारको ध्यानाकर्षण गराइएको छ ।

# पोखरा-३३ शिववस्तीमा महायज्ञ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा महानगरपालिका वडा नं ३३ शिववस्तीस्थित शुक्लेश्वर धाम प्राङ्गणमा यही साउन १४ गतेदेखि २४ गतेसम्म श्रीमद्भागवत महापुराण, सप्ताह ज्ञान महायज्ञ, शिव महापुराण, बृहत धार्मिक श्रावण मेला एवम् बोलबम महोत्सव हुने भएको छ ।



महायज्ञबारे जानकारी दिन बिहीबार आयोजित पत्रकार सम्मेलनमा मन्दिरको सर्वाङ्गिण, भौतिक पूर्वाधार विकास निर्माण सहयोगार्थ महायज्ञ गर्न लागिएको शुक्लेश्वरधाम क्षेत्र विकास संस्था, शिववस्तीका अध्यक्ष पदमराज पौडेलले जानकारी दिनुभयो ।

कथा शिरोमणि पण्डित दीपकप्रसाद पौडेलको प्रमुख बाचकत्वमा हुने महायज्ञमा विभिन्न देवलिला, जनचेतनामूलक नाटक सहित संगीतमय कथा प्रवचन हुने उहाँले बताउनुभयो । महायज्ञका क्रममा श्रीमद्भागवत सतचण्डी, बेदपाठ, रुद्राभिषेक, सहस्र जलधारा, बेलपत्र अर्पण, ग्रहशान्ति पूजा, चौरासी पूजा, अन्नदान, भूमिदान, ब्राह्मण भोजन सहित पितृको फोटो राखी पितृ तर्पण तुलादान, विवाह, ब्रतबन्ध, गुन्युचोली सहित आरती अर्पण गर्दै धार्मिक सम्बन्धी सम्पूर्ण कार्य सञ्चालन गरिने पत्रकार सम्मेलनमा जानकारी गराइयो । महायज्ञलाई भव्य र सभ्य बनाउन पदमराज पौडेलको संयोजकत्वमा १५१ सदस्यीय मूल समारोह समिति एवम् ३१ सदस्यीय सल्लाहकार समिति तथा १० वटा उपसमिति गठन गरिएको प्रचारप्रसार उपसमितिका संयोजक दिनेश आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार अन्य उपसमितिका संयोजकहरू मध्ये अर्थ संकलनमा खगेश्वर आचार्य, प्रचारप्रसारमा दिनेश आचार्य, मञ्च व्यवस्थापनमा तिलबहादुर विक, कलश यात्रामा चन्द्र कुमारी आचार्य चापागाईँ, प्रसाद व्यवस्थापन र अतिथि सत्कारमा सम्पूर्ण आमा समूह, यातायातमा जीवन पौडेल, सरसफाई तथा खानेपानीमा मथुरा भण्डारी, स्वयम् सेवक परिचालनमा कुष्माखर भण्डारी, प्राथमिक उपचारमा प्रकाश पौडेल रहनुभएको छ । कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । स्थानीय समाजसेवीका अजुसार ऐतिहासिक महत्व र गरिमा बोकेको शुक्लेश्वर धामस्थित शिव मन्दिर २०१४ सालमा स्थापना भएको हो । मन्दिर बनेकै वर्ष बाढीका कारण भत्किएपछि हाल रहेको मन्दिर २०१५ सालमा स्थापना गरिएको हो । सामाजिक एवम् बौद्धिक व्यक्तित्व साविक भोटे पोखरी ९ (हाल पोखरा ३३ सिस्ने) का स्व.टीकारम पौडेलले स्थापना गर्नुभएको हो । तत्काली समयमा नै मन्दिरको दैनिक पूजाआजा सञ्चालनका लागि स्व.होमनाथ पाध्यालाई जिम्मा दिनुभएको र हालसम्म उहाँकै परिवारबाट पूजाआजा हुँदै आएको छ । उक्त कार्यका लागि गुठी समेत राखिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो । स्व.टीकारम पौडेलले यसै स्थानमा रहेको सरस्वती मा.वि.लाई २० लाख ६८ हजार रुपैयाँ दान दिएर उहाँकै नामबाट सरस्वती टीका मा.वि. र सरस्वती टीका बहुमुखी क्याम्पस सञ्चालन हुँदै आएको छ ।

महायज्ञको शुभकामना व्यक्त गर्दै पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले वडा भित्रका सम्पूर्ण संघ संस्था तथा सामाजिक व्यक्तित्वलाई महायज्ञ सफल बनाउन साथ र सहयोगका लागि आग्रह गर्नुभयो ।

समितिका अध्यक्ष पदमराज पौडेलको सभापतित्व एवम् सचिव खगेश्वर आचार्यले सञ्चालन गर्नुभएको कार्यक्रममा समाजसेवी एवम् राजनीतिक व्यक्तित्वहरू पिताम्बर पौडेल, तिलकप्रसाद अधिकारी, श्रीभद्र बराल लगायतले विभिन्न शुभकामना तथा सुझाव व्यक्त गर्नुभएको थियो ।

# एक महिने श्रमदवीतक एवं श्रीकृष्ण कथा प्रवचन शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



पोखरामा बिहीबारदेखि एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन शुरु भएको छ । पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा सुरु भएको प्रवचन कार्यक्रमको गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले पर्यटकीय राजधानीमा आयोजना हुने कार्यक्रमहरुले धार्मिक पर्यटनलाई टेवा पुग्ने बताए ।

धार्मिक अथवा आध्यात्मिक कार्यक्रमले सकारात्मक सोंचको बिकासका लागि धार्मिक तथा अध्यात्मिक प्रवचन कार्यक्रमको उल्लेख्य भुमिका रहने बताउदै मन्त्री थापाले मन्दिर सञ्चालक समिति संग साथमा रहेर सहयोग गर्ने समेत प्रतिवद्धता ब्यक्त गरे । स्थानीय निकायहरु संग सहकार्य गरेर खाली जग्गाहरु प्राप्त गर्न सकेको खण्डमा योग र ध्यान शिविरका लागि आफ्नो मन्त्रालयले सहयोग गर्ने समेत मन्त्री थापाले प्रतिवद्धता ब्यक्त गरे । सो अवसरमा वोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी भरमणी पाण्डेले मानिसहरु भौतिक सुख शान्ति खोजिरहदा विभिन्न दुखमा परिरहेको बताउदै अध्यात्मिक कार्यक्रमहरुले दुखलाई भुल्याउन सहयोग पुर्‍याउने वताए ।

त्यस्तै पोखरा महानगरपालिका वडा नं ७ का अध्यक्ष राममोहन आचार्यले पोखरा ८ मा रहेको श्रीकृष्ण प्रणामी मन्दिर पोखरा महानगरपालिका ७,८,९,६,१७ नम्बर वडाका प्रमुख धार्मिक स्थल रहेको बताउदै मन्दिरको संरक्षणका लागि सम्पूर्णले चासो दिनुपर्नेमा जोड दिदै कार्यक्रमको सहयोगार्थ एक लाख रुपैया प्रदान गर्ने प्रतिवद्धता ब्यक्त गरे ।


पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले श्रावण महिनाभर आयोजना हुने धार्मिक कार्यक्रमले आध्यात्मिकता तर्फ मानिसहरुलाई जागरुक गराउन सहयोग पुग्ने बताए । भौतिक पूर्वाधार निर्माण संगै आध्यात्मिक कार्यक्रमहरुलाई समेत समेटेर लैजान प्रमुख अतिथि समक्ष आग्रह समेत गरिन । सो अवसरमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराज, बृन्दावन धाम डांडाको नाकका विष्णु वशिष्ठ महाराज, पोखरा विश्वविद्यालयका डीन डाक्टर दयाराज ढकाल, निवर्तमान अध्यक्ष तथा कार्यक्रम संयोजक पुरुषोत्तम रेग्मी लगायतले वोलेका बोलेका थिए । श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन समितिका सचिव लक्ष्मण बरालले गरेका थिए । सो अवसरमा धर्मप्रचारिका जमुना माता र बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुली, युवा परिषदका अध्यक्ष विजय बजगाइ लगायत समितिका पदाधिकारी, सदस्यहरुको उपस्थिती रहेको थियो । श्रावण १० देखि भदौ १० सम्म आयोजना हुने एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराजले प्रवचन प्रदान गर्नेछनभने भजन संगीतमा संगीतकार बालकृष्ण आचार्य र तवेलामा सुजन बन्जराले साथ दिनेछन । हरेक दिन ११ बजे देखी २ बजे सम्म श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए ।

## राम्रो ...

बताउँदै मुख्यसचिव गड्तौलाले महिलालाई माथिल्लो तहको जिम्मेवारीमा दिन हिचकिचाउँछन् भन्ने भाष्य परिवर्तन हुँदैगएको धारणा व्यक्त गर्नुभयो । निजामति कर्मचारीमा प्रवेश गरेका कर्मचारीमा मुख्यसचिव बन्ने लक्ष्य हुने बताउँदै उहाँले भन्नुभयो, "त्यसमा केही पुगिन्छ, कोही पुगिन्न । केही सचिव र सहसचिवमा पुगिन्छ, कोही तलैबाट बाहिरिनुपर्छ । भाग्यछ भन्दैमा डोकोमा दूध अडिन्न, कर्म गर्नुपर्छ, राम्रो कर्म गरे राम्रो फल पाइन्छ ।"

राज्यबाट जनतालाई प्रदान गरिने सेवाप्रवाहमा सहज र सरल तुल्याउन सम्पूर्ण राष्ट्रसेवक निजामति कर्मचारी मिलेर काम गर्नुपर्ने आवश्यकता औँल्याउदै मुख्यसचिव गड्तौलाले संसद्मा अड्किरहेको निजामति विधेयकलाई अघि बढाउन र राम्रो कर्म गर्ने कार्यलाई प्रोत्साहन र प्रेरणा प्रदान गर्न लागि पर्ने दृढता व्यक्त गर्नुभयो ।

**कपालको उपचार**
**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# मुख्यसचिवमा पहिलोपटक महिला

निजामती क्षेत्रको सर्वोच्च पदमा पहिलोपटक महिलाले नेतृत्व पाएको छास्थायी सरकारको रुपमा निजामती कर्मचारीलाई लिने गरिन्छ । केपी शर्मा ओली नेतृत्वको सरकारले निजामती क्षेत्रको सर्वोच्च पद मुख्यसचिवमा महिलालाई अवसर दिएको छासरकारले कायममुकायम मुख्यसचिव लीलादेवी गड्तौलालाई मुख्यसचिव नियुक्त गरेको छ । बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले गड्तौलालाई मुख्यसचिव नियुक्त गरेको प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक संजालबाट जानकारी गराएका छन । प्रधानमन्त्रीले मुख्यसचिव गड्तौलालाई बधाई दिएका छन । निजामती क्षेत्रको इतिहासमा २६ जना मुख्यसचिवले प्रशासनिक कमाण्ड सम्हाल्दा पहिलो पटक महिलाले नेतृत्व पाएको छ ।

मुख्य सचिव डा. वैकुण्ठ अर्यालमाथि भ्रष्टाचार मुद्दा दायरपछि उनी निलम्बनमा छन् । अर्याललाई गत असार १० गते राष्ट्रिय योजना आयोगमा विशिष्ट श्रेणीको मुख्यसचिव सरहको विशेष पद सिर्जना गरेर पठाइएको छ । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले निमित्त मुख्य सचिवको नेतृत्वको दिएकोमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले कामु मुख्यसचिवको जिम्मेवारी दिएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा वरिष्ठताको आधारमा लीलादेवीलाई कामुको जिम्मेवारी दिइएको थियो । निजामती प्रशासनको नेतृत्वमा को पुग्छ भनेर अनुमानयोग्य निर्णय भएको छासत्तालाई सजिलो पार्न वरिष्ठतम् छोडेर अनुकूल पात्रलाई तान्दा निजामती प्रशासन कमजोर भएको छ । सार्वजनिक सेवा प्रवाह चुस्त हुन नसक्दा जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । अहिले त जुन सरकार आएपनि उस्तै त रहेछ भन्ने गरेका छनासरकारले गर्ने निर्णय निष्पक्ष र अनुमान योग्य भएमा आलोचना कम हुन्छ । निजामती कर्मचारी ठिक बाटोमा हिडाउन प्रशासनिक नेतृत्व सक्षम हुन्छ । को कति दिन नेतृत्वमा रह्यो भन्दा के गर्यो त्यो महत्त्वपूर्ण हुन्छ ।

२०५२ सालमा शाखा अधिकृतबाट निजामती सेवा प्रवेश गरेकी उनी आउँदो भदौ १५ गते उमेर हदका कारण अवकाशमा जानेछिन् । त्यसैले अब गड्तौलाले करिब ३५ दिन मुख्यसचिवको जिम्मेवारी सम्हाल्नेछिन् । छोटो अबधिमा पनि निजामती कर्मचारीको मनोबल बढाउने, जनताको सेवक हौ भन्ने भावनाको विकास गर्ने र शाख बचाउने काम गर्न सकेमा सबैले संझनेछन । नेपालको प्रशासनिक इतिहासमा पहिलो पटक निमित्त र कामु मुख्यसचिवको जिम्मेवारी पनि गड्तौलाले नै पाएकी छन । तेह्रथुमको साविकको पिप्ले हाल म्याङलुङ गाउँपालिकामा जन्मिएकी लीलादेवीले २०५२ सालमा न्याय सेवामा उनी शाखा अधिकृतमा खुला प्रतिस्पर्धाबाट पहिलो नम्बरमा सिफारिस भइन् । साढे १० वर्षपछि २०६३ कात्तिकमा उपसचिवमा बढुवा भइन् । त्यतिबेला नेपालमा एलएलएम पढ्ने व्यवस्था नभएको र बाहिर गएर पनि पढ्न नसकिएकाले लामो समय कुर्नुपरेको लीलादेवीको अनुभव छ । साढे १० वर्षसम्म आन्तरिक प्रतिस्पर्धाको विज्ञापन पनि खुलाइएन ।

शाखा अधिकृत रहुन्जेल लीलादेवीले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कानून तर्जुमा शाखामा बिताइन् । कानून निर्माणको मस्यौदामा महिलामैत्री बनाउन उनले धेरै काम गरेकी छन् । लैंगिक समानता कायम गर्ने विधेयक २०६३ लीलादेवीकै पहलमा आएको थियो । संवैधानिक निकायका पदाधिकारीसम्बन्धी कानूनको मस्यौदा त उनले हातैले लेखेर तयार पारेकी थिइन्।उपसचिव बनेपछि गड्तौलाले ९ महिना कानून मन्त्रालय, त्यसपछि जलस्रोत, ऊर्जा, उद्योग, गृह, सिँचाइ र परराष्ट्र मन्त्रालयको कानून शाखा प्रमुख भएर काम गरिन् । परराष्ट्रको कानून शाखामै हुँदा लीलादेवीले आन्तरिक प्रतिस्पर्धाबाट २०६९ सालमा सहसचिवको लिखितमा नाम निकालेकोमा अन्तर्वार्तामा असफल भइन् । २०७० मा खुला प्रतिस्पर्धाबाटै सहसचिवमा नाम निकालेकी उनले आरक्षणको सुविधा लिएकी छैनन् । सहसचिव भइसकेपछि उनको पहिलो पदस्थापन निर्वाचन आयोगमा भएको थियो । उनले २०७० माघदेखि २०७२ सालसम्म २० महिना आयोगको सहसचिव भएर काम गरेकी थिइन् । त्यसपछि लीलादेवीले ५ वर्ष कानून मन्त्रालयमा बिताइन् । २०७७ कात्तिकमा उनी सचिवमा बढुवा भइन् । २ वर्ष उनले नेपाल कानून आयोगमा सचिवको जिम्मेवारी सम्हालिसकेकी छन् । कानुन मन्त्रालयको सचिव भएर नेतृत्व गर्न नपाएपनि निजामतीको सर्वोच्च पदमा नेतृत्व गर्न पाउनु महत्वपूर्ण हो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाव | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्याङ्जाका ११ सरकारको राजस्व झण्डै २६ करोड

**पोखरापत्र संवाददाता**
स्याङ्जा १० साउन

नेपालको संविधान २०७२ अनुशार अहिले मुलुकमा तिन तहको सरकार संचालनमा छन् । आफै कानुन निर्माण गर्ने, करका दायराहरु तोक्ने अधिकार सहितको कानुनी व्यवस्था नेपालको संविधानले स्थानीय सरकारलाई दिएको छ । यही अधिकार अनुरुप स्थानीय सरकारले आन्तरिक राजस्व उठाउन पाउनेछन् । कानुनको परिधिमा रहेर स्याङ्जाका ११ ओटै स्थानीय सरकारहरुले बार्षिक विभिन्न शिर्षकमा राजस्व उठाउदै आएका छन् । स्थानीय सरकारको विकास निर्माणमा बलियो खम्बाको रुपमा रहेको आन्तरिक आयलाई पालिकाहरुले लक्ष्य अनुरुप उठाउन सकेका छैनन् ।

आर्थिक बर्ष २०८०/०८१ मा जिल्लाका ११ ओटै पालिका मध्ये आन्तरिक आयका लागि लिएको लक्ष्य अधिकांशले पुरा गर्न नसकेको तथ्याङकले देखाएको छ । जसले गर्दा संघिय सरकारबाट मापन हुने वित्त आयोगको कार्य सम्पादन मुल्याङ्कन (लिजा) र वित्तिय उत्तरदायीत्वमा कमजोर प्रस्तुती देखिने भएको छ । पब्लिक आवाजले ११ ओटै पालिकाबाट लिएको तथ्याङ्क अनुसार स्याङ्जाका स्थानीय सरकारले झण्डै २६ करोड रकम आन्तरिक आम्दानीबाट उठाएका छन् । ५ नगरपालिका र ६ गाउँपालिका रहेको स्याङ्जामा २५ करोड ८५ लाख ६ हजार ३ सय ४२ रुपैयाँ आन्तरिक आम्दानी भएको देखिन्छ । ११ ओटै पालिकाले झण्डै ३० करोड रुपैयाँ आन्तरिक आय उठाउने लक्ष्य लिएका थिए । ५ नगरपालिकाले २० करोड ८४ लाख ४७ हजार ३० रुपैयाँ राजस्व उठाएका छन् भने ६ गाउँपालिकाले ५ करोड ५९ हजार ३ सय १२ रुपैंयाँ आन्तरिक आम्दानी गरेका छन् । जसमध्ये नगरपालिका तर्फ पुतलीबजार नगरपालिकाले आन्तरिक आय लक्ष्य अनुशार उठाउन झण्डै सफल भएको देखिन्छ भने गाउँपालिका तर्फ आँधीखोला, कालीगण्डकी र अर्जुनचौपारी गाउँपालिकाले लक्ष्य भन्दा बढी राजस्व उठाउन सफल भएका छन् । पुतलीबजार नगरपालिकाले राखेको लक्ष्य अनुसार झण्डै ९९ प्रतिशत राजस्व उठाउन सफल भएको छ भने तीन गाउँपालिकाले लक्ष्य राखेभन्दा माथी राजस्व उठाएको तथ्याङ्कले देखाएको छ ।

पुतलीबजार नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ का लागि ४ करोड ६४ लाख आन्तरिक आयको अनुमान गरिएकोमा ४ करोड ६१ लाख ७२ हजार उठाएको छ । त्यसैगरी भीरकोट नगरपालिकाले ७ करोड ३० लाख ८९ हजार १ सय अनुमान गरेकोमा ५ करोड २९ लाख ३३ हजार २ सय २६ रुपैयाँ राजस्व उठाएको छ । वालिङ नगरपालिकाले ६ करोड अनुमान गरेकोमा ५ करोड ३३ लाख ४१ हजार ८ सय ४ रुपैयाँ राजस्व उठाएको छ । गल्याङ नगरपालिकाले ४ करोड २६ लाख ४७ हजार अनुमान गरेकोमा २ करोड ६ लाख रुपैयाँ राजस्व उठाएको देखिन्छ । चापाकोट नगरपालिकाले ५ करोड ४४ लाख अनुमान गरेकोमा ३ करोड राजस्व उठाएको तथ्याङकले देखाएको छ । राजस्व उठाउन अन्यको तुलनामा गल्याङ र चापाकोट निकै कमजोर देखिएका छन् ।

यता गाउँपालिका तर्फ फेदिखोलाले १ करोड ६७ लाख अनुमान गरेकोमा १ करोड राजस्व उठाएको छ । बिरुवा गाउँपालिकाले १ करोड अनुमान गरेकोमा ७० लाख राजस्व उठाएको छ । अर्जुनचौपारी गाउँपालिकाले ६० लाख अनुमान गरेकोमा ७७ लाख १५ हजार राजस्व उठाउन सफल भएको छ । कालीगण्डकी गाउँपालिकाले १ करोड ६ लाख अनुमान गरेकोमा १ करोड १२ लाख राजस्व उठाउन सफल भएको छ भने आँधीखोला गाउँपालिकाले ९४ लाख १ सय अनुमान गरेकोमा १ करोड १३ लाख ७६ हजार १ सय २९ रुपैया राजस्व उठाउन सफल भएको देखिएको छ । हरिनास गाउँपालिकाले ३५ लाख अनुमान गरेकोमा २७ लाख ६८ हजार ५० रुपैयाँ राजस्व उठाएको छ ।

पालिकाहरुले हरेक बर्ष प्रस्तावित गर्ने आन्तरिक आयका लागि महत्वकांक्षी लक्ष्य लिने गरेका छन् । जसले गर्दा लक्ष्य अनुसारको आन्तरिक आय उठाउन नसक्दा प्रत्यक्ष विकासे आयोजनामा असर पर्ने गरेका छन् । पछिल्लो समय आर्थिकमन्दी र नागरिकहरुमा राजस्व तिर्ने क्षमता कमजोर हुँदा यस्तो समस्या आउने गरेको वालिङ नगरपालिकाका लेखा प्रमुख ज्ञानप्रसाद अर्यालको बुझाई छ । जनप्रतिनिधिहरुले नागरिकलाई राजस्व तिर्न सक्ने क्षमता बनाउनेगरी कार्यक्रम ल्याउन आवश्यक देखिएको सुझाव अर्यालको छ । नागरिकमाथी करका दायरा धेरै भएकाले पनि समस्या आउने गरेको बताइएको छ । बजेट बनाउने तर आन्तरिक राजस्व उठाउन जनप्रतिनिधिहरुको समेत पहलकदमी नहुने, कर्मचारीलाई काम गर्ने बातावरण नहुने, धेरै बजेट बनाउन आन्तरिक राजस्वको लक्ष्य धेरै राख्ने जस्ता कमजोरीका कारण वित्तिय अनुशासनमा क्रमस स्थानीय सरकारहरु फेल हुन थालेको विज्ञहरु बताउछन् ।

पालिकाहरुले छुट्टाउने योजनामा करदाता शिक्षा सम्वन्धमा चासो नै दिएको देखिदैन । जसले गर्दा सरकारलाई कर तिर्नुपर्छ भन्ने मानसिकता नागरिकहरुमा कमै देखिएको छ । कर तिरे मात्रै विकास धेरै हुन्छ भन्ने विश्वास दिलाउन नसक्दा नागरिकहरु कर तिर्न खासै चासो नदिदा पालिकाहरले राखेको लक्ष्य पुरा हुन नसकेको आर्थिक बिज्ञहरु बताउछन् । तर सर्वसाधारण नागरिकहरु भने स्थानीय सरकार हरुले करको दर मात्र बढाएको सोही अनुशारको सुविधा नदिएको गुनासो गरेका छन् ।

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं ३१ निवासी कृष्णे रानाभाटको नाती मनोहर्क रानाभाटको छोरा पित्रिराज राना भाटको द.नं. ६९५१ मिति २०८१/३/१२ को छुट जग्गा दर्ता माग निवेदन अनुसार कास्की जिल्ला साबिक बेगनास मौजे १९९१ सालको पाखो तर्फको लगतमा जि.मु सेर बहादुरको दल बहादुर भाई जिम्मा रहि लगतमा इ.नं १ को पारवती भटेनीका नाममा विरुवाको गरो भनि कायम भएको, नापी समयमा वेगनास ७ कि.नं. १६० क्षे.फ १-११-२-० विरह खर चाहार भएको जग्गा धनी पितृराज रानाभाट (पंचायत वेगनास वडा नं. ८. बाबु मनोहर्क, बाजे कृष्णे) का नाममा फिल्ड बुक भएको, जग्गाको तिरो मनहर्क रानाबाट तिरी आएको, उक्त जग्गाको एकमात्र हकवाला हूँ, भोगचलन पनि मेरै छ भनि निवेदन पेश गरेकाले तिरोका मन हर्क राना, मृत्यु दर्ताका मनोहर्क भाट र नागरिकताका मनहरक राना र ७ नं फारमका मन हर्के रानाभाट तथा नागरिकताका पित्रिराज रानाभाट र फिल्डबुकका पितृराज रानाभाट फरक फरक व्यक्ति भएमा वा उक्त जग्गाका सम्बन्धमा यस अधि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इति सम्वत २०८१ साल श्रावण महिनाको ९ गते रोज ४ शुभम नेपाल सम्बत ११४४ दिल्लागा ३ बुधबार**

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं ३१ निवासी मनोहर्क रानाभाटको नाती डिल बहादुर रानाभाटको छोरा घनश्याम रानाभाटको द.नं. ६९५२ मिति २०८१/३/१२ को छुट जग्गा दर्ता नामसारी माग निवेदन अनुसार कास्की जिल्ला साविक वेगनास मौजे १९९१ सालको पाखो तर्फको लगतमा जि.मु सेर बहादुरको दल बहादुर भाई जिम्मा रहि लगतमा द.नं १ को पारवती भटेनीका नाममा स्वाराको गरो भनि कायम भएको, नापी समयमा वेगनास ७ कि.नं. १७४ क्षे.फ ०-१३-१-२ विरह खर चाहार भएको जग्गा धनी दिल बहादुर रानाभाट (पंचायत वेगनास वडा नं. ८, बाबु मनोहर्क, बाजे कृष्णे) का नाममा फिल्ड बुक भएको साथै वेगनास मौजे साविक ९० सालको लगतमा १२ नं का जि.मु सेर जंगको दल बहादुर रानाभाट जिम्मा भई मोठ नं १३८७ मोही नं ३७७ कि.नं १३२१ भई मनहर्क रानाभाइको सिंपानी खेत भै कायम रहेको, नापी समयमा वेगनास ७ को कि.नं २०४ क्षे.फ १-६-३-१ विरह धान सिम भएको, जग्गा धनी डील बहादुर रानाभाट (पंचायत वेगनास ८ बाबु मनोहर्क, बाजे कृष्णे) का नाममा फिल्डबुक भएका जग्गाहरुको तिरो मनहर्क रानाबाट तिरी आएको र फिल्डबुकमा उल्लेख भएका दिल बहादुर रानाभाट र डील बहादुर रानाभाट दुबै जना एकै व्यक्ति भएको र निजकै बुबा भएको भनि उक्त जग्गाको एकमात्र हकवाला हूँ, भोगचलन पनि मेरै छ भनि निवेदन पेश गरेकाले दिलबहादुर र डिल बहादुर फरक फरक व्यक्ति भएमा वा तिरोका मन हर्क राना, मृत्यु दर्ताका मनोहर्क भाट, लगतका मनहर्क रानाभाइ र ७ नं फारमका मन हर्क रानाभाट फरक फरक व्यक्ति भएमा वा उक्त जग्गाका सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामासारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इति सम्वत २०८१ साल श्रावण महिनाको ९ गते रोज ४ शुभम नेपाल सम्बत ११४४ दिल्लागा ३ बुधबार**

# स्रोत नखुलेको १२ लाखसहित दुईजना पक्राउ

**पोखरापत्र संवाददाता**
तनहुँ १० साउन

स्रोत नखुलेको रु १२ लाख नगदसहित तनहुँबाट दुईजना पक्राउ परेका छन् । तनहुँको व्यास नगरपालिका-३ दुर्गामन्दिर स्थित सडकबाट जिल्ला प्रहरी कार्यालयले बुधबार उनीहरूलाई पक्राउ गरेको हो ।

उक्त कार्यालयका अनुसार रोल्पाको माडी गाउँपालिका-५ पासाबाङ घर भई हाल काठमाडौँ चन्द्रागिरि नगरपालिका-१० बस्ने २० वर्षीय लक्ष्मण केसी र २५ वर्षीय सुशान केसीलाई पक्राउ गरिएको हो । काठमाडौँबाट मोटरसाइकलमा पोखरातर्फ गइरहेका उनीहरूलाई शङ्का लागेर जाँच गर्दा उक्त नगद बरामद भएको हो ।

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

वडा नं ३१ निवासी चोमको नाती मधु सुदन रानाभाटको छोरा तिलक बहादुर "रानाभाटको द.नं. ६००६ मिति २०८१/२/१८ को छुट जग्गा दर्ता नामसारी माग निवेदन अनुसार कास्की जिल्ला साविक वेगनास मौजे १९९१ सालको पाखो तर्फको लगतमा जि.मु सेर बहादुरको दल बहादुर भाई जिम्मा रहि लगतमा द.नं १ को पारवती भटेनीका नाममा विरुवाको गरो भनि कायम भएको, नापी समयमा वेगनास ७ कि.नं. १६९ दो.फ ०-१३-३-१ विरह खर चाहार भएको जग्गा धनी मसुधन रानाभाट (पंचायत वेगनास वडा नं. ८, बाबु चोम, बाजे हेमन्त) का नाममा फिल्ड बुक भएको जग्गाको तिरो मसुधन राना भाटबाट तिरी आएको र उक्त जग्गाको एकमात्र हकवाला हूँ. भोगचलन पनि मेरै छ भनि निवेदन पेश गरेकाले फिल्डबुक र तिरोका मसुधन रानाभाट, नागरिकताका मधु सुदन रानाभाट र ७ नं फारमका मसोधन रानाभाट फरक फरक व्यक्ति भएमा वा उक्त जग्गाका सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामासारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इति सम्वत् २०८१ साल श्रावण महिनाको ९ गते रोज ४ शुभम् नेपाल सम्बत् ११४४ दिल्लागा ३ बुधबार**

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं ३१ निवासी हरिलाल तिवारी, रविराज तिवारी, सुर्यनाथ तिवारी र मणिराम निवारीको दर्ता नं. ५६५९ मिति २०८१/२/६ को छुट जग्गा दर्ता नामसारी माग निवेदन अनुसार कास्की मा जिल्ला साविक वेगनास मौजे १९९१ सालको पालो तर्फको लगतमा जि.मु शिवदत्तको रामनाथको कतारसम जिम्मा रहि लगतमा द्र.नं ७ को अनन्त तेवारी जैसीको नाममा लाकुरीबोट भनि कायम भएको, नापी समयमा वेगनास ५ कि.नं. ६५ क्षे.फ. १-८-२-१ विरह खर चाहार भएको जग्गा धनी मन माया तिवारी (पंचायत वेगनास वडा नं. ५. पति बद्रिनाथ, ससुरा दाताराम) का नाममा फिल्ड बुक भएको जग्गाको तिरो मनमाया तेवारीबाट तिरी आएको र उक्त जग्गाको हामीमात्र हकवाला हौं, भोगचलन पनि हाम्रै छ भनि निवेदन पेश गरेको तथा पो.म.न.पा ३१ को च.नं २४३२ मिति २०६०/१२/०५ को सिफारिसमा एकनाथकी श्रीमती सुनमाया तिवारीले दोस्रो बिबाह गरी गएको भनि आएकाले तिरोका मनमाया तेवारी र फिल्डबुकका मनमाया तिवारी फरक फरक व्यक्ति भएमा वा एकनाथकी श्रीमती सुनमाया तिवारीले दोस्रो विवाह नगरेको भएमा वा उक्त जग्गाका सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकहरुको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदकहरु बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामासारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इति सम्वत २०८१ साल श्रावण महिनाको ९ गते रोज ४ शुभम नेपाल सम्बत ११४४ दिल्लागा ३ बधबार**

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं ३१ निवासी मनोहर्क भाटको बुहारी रुद्र बहादुर रानाभाटको श्रीमती दिल मया रानाभाटको द.नं. ६९५० मिति २०८१/३/१२ को छुट जग्गा दर्ता नामसारी माग निवेदन अनुसार कास्की जिल्ला साविक वेगनास मौजे १९९१ सालको पाखो तर्फको लगतमा जि.मु सेर बहादुरको दल बहादुर भाई जिम्मा रहि लगतमा द.नं १ को पारवती भटेनीका नाममा विरुवाको गरो भनि कायम भएको, नापी समयमा वेगनास ७ कि.नं. १७३ क्षे.फ. ०-१३-३-१ विरह खर चाहार भएको जग्गा धनी रुद्र बहादुर रानाभाट (पंचायत वेगनास वडा नं. ८, बाबु मनोहर्क, वाजे कृष्णे) का नाममा फिल्ड बुक भएको साथै बेगनास मौजे साबिक ९० सालको लगतमा १२ नं का जि.मु सेर जंगको दल बहादुर रानाभाट जिम्मा भई मोठ नं १३८५ मोही नं ३७७ कि.नं १३१९ भई मनहर्क रानाभाटको विरुवा खेत भै कायम रहेको, नापी समयमा वेगनास ७ को कि.नं ३८८ क्षे.फ. ०-८-३-३ विरह धान सिम भएको, जग्गा धनी अमर बहादुर रानाभाट (पंचायत बेगनास ८ बाबु मनोहर्क, बाजे कृष्णे) का नाममा फिल्डबुक भएका जग्गाहरुको तिरो मनोहर्क रानाबाट तिरी आएको, उक्त जग्गा आफैंले भोगचलन गरी आएको र फिल्डबुकमा उल्लेख भएका रुद्र बहादुर रानाभाट र अमर बहादुर रानाभाट दुबै जना एकै व्यक्ति भएको र निज निवेदक दिलमायाकै श्रीमान भएको भनि उक्त जग्गाको एकमात्र हकवाला हुँ भनि निवेदन पेश गरेकाले फिल्डबुकका मनोहर्क, तिरोका मन हर्क राना, मृत्यु दर्ताका मनोहर्क भाट र ७ नं फारमका मन हर्क रानाभाट फरक फरक व्यक्ति भएमा वा अमर बहादुर रानाभाट र रुद्र बहादुर रानाभाट फरक फरक व्यक्ति भएमा वा उक्त जग्गाका सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग वमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामासारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इति सम्बत २०८१ साल श्रावण महिनाको ९ गते रोज ४ शुभम नेपाल सम्बत ११४४ दिल्लागा ३ बुधबार**

# बाँझो जग्गामा फलफूल रोप्दै विदेशी

**पोखरापत्र संवाददाता**
बागलुङ १० साउन

काठेखोला गाउँपालिका-२ भीमापोखराको डोहेरीगाउँ बसाइँसराइको चपेटामा छ । बूढापाका मात्रै भेटिने उक्त गाउँको खेतीयोग्य जग्गा विस्तारै बाँझिँदै गएको छ । खेतीयोग्य जग्गामा निगाले, सल्लो र ऐंसेलुको बोट उम्रिएको छ।

यातायातका सुविधासमेत नपुगेको उक्त गाउँमा हिजोआज चहलपहल बढेको छ। विदेशीहरू लामबद्ध भएर उक्त गाउँमा फलफूल बगैँचा निर्माणमा लागेका छन् । डोहेरीको बाँझो जग्गामा अहिले विदेशी स्वयंसेवकले धमाधम फलफूलका बोट लगाइरहेका छन् । विश्व चुनौती कार्यक्रम (वल्ड च्यालेञ्ज प्रोग्राम)अन्तर्गत पिएसडी नेपाल मार्फत अहिले काठेखोलाको डोहेरी गाउँमा ओखर, एभोकाडो, कागती र टिमुरलगायतका फलफूलका बिरुवा विदेशी स्वयंसेवीहरूले बाँझो जग्गामा लगाइरहेको काठेखोला-२भीमापोखराकावडाध्यक्ष विद्यापती शर्माले बताउनुभयो । आयआर्जन बढाउने र वातावरण संरक्षण गर्नेगरी फलफूल रोप्ने काम चलिरहेको छ।

सडक सुविधा नपुगेको र बसाइँसराइका कारण जमिन बाँझिँदै गएपछि विदेशीको सहयोगमा अहिले आठ सय फलफूलका बिरुवा लगाइसकेको शर्माले बताउनुभयो । उहाँले एक हजार दुई सय ओखर, एभोकाडोलगायत फलफूलका बिरुवा लगाउने योजनाअनुसार अहिले डोहेरी गाउँ र धम्जाको माझकटेरामा स्थानीयको सहयोगमा फलफूलका बिरुवा रोप्ने कार्य चलिरहेको शर्माको भनाइ छ । "अहिले १४ जना विभिन्न देशका विदेशीनागरिकफलफूलकाबिरुवा रोप्न खटिनुभएको छ, स्थानीयले सघाइरहेका छन्, हालसम्म ४८ विदेशी स्वंसेवक बिरुवा लगाउन परिचालन भइसक्नुभएको छ, उनीहरू आफै खाल्टो खन्छन्, आफै बिरुवा रोप्छन्", शर्माले भन्नुभयो, "वडा कार्यालयको निरन्तरको समन्वय र सहकार्यमा बाँझो जग्गा छिट्टै फलफुल बगैँचामा परिणत हुनेछ।"

ओखर र टिमुर लगाउने काम अन्तिम चरणमा पुगेको छ भने एबोकाडा र कागतीका विरुवा लगाउने तयारी भइरहेको छ । विश्व चुनौती कार्यक्रम (वल्ड च्यालेञ्ज प्रोग्राम)अन्तर्गत पिएसडी नेपालमार्फत बिरुवा खरिददेखि रोपणसम्मको सम्पूर्ण खर्च व्यहोर्नेगरी बाँझो जग्गा सदुपयोग भइरहेको छ।

बिरुवा रोप्नका लागि तीन महिना अघि नै कम्पोष्ट मल तयार गरिसकेको र अहिले बाँझो जग्गालाई सरसफाइ गरेर खाल्टा खनिरहेको डोहेरीका स्थानीय प्रेमप्रसाद न्यूरेले बताउनुभयो । डोहेरी गाउँमा २२ घरपरिवार रहे पनि अहिले आठ घरमा मात्रै मानिस बस्दै आएका छन् । केही घर खण्डहर भएर भत्किएका छन् । बसाइँसराइका कारण उजाड बनेको गाउँ हरियाली बनाउने वडा कार्यालयको योजनाले उत्साहित बनेको न्यूरेको भनाइ छ । ओखर, कागती, टिमुर र एभोकाडोका लागि आवश्यक सिँचाइ पोखरीसमेत निर्माण गरिएको उहाँको भनाइ छ।

न्यूरले आफ्नो दुई रोपनी जग्गामा सल्लाका बोट, निगालो र ऐँसेलुको झाडी फाडेर ५५ ओखर र दुई सय टिमुरका बिरुवा लगाउनुभएको छ । कागती र एभोकाडो लगाउनका लागि अन्य जग्गाको तयारी थालिएको जनाउँदै न्यूरेले गाउँभरमा एक हजार दुई सयभन्दा बढी बिरुवा लगाउने काम अन्तिम चरणमा पुगेको बताउनुभयो । वडाको उच्च स्थानमा रहेको डोहेरी गाउँका स्थानीयलाई आय आर्जनसँग जोड्नका लागि ओखरलगायत बिरुवा रोप्न थालिएको बताउँदै उहाँले एक हजार दुई सय बिरुवा लगाउन रु १२ लाखसम्म खर्च लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो । केही फलफूलका बिरुवा काठेखोला-३ माझकटेरामा लगाउन थालिएको छ।

# घाँसखेती प्रवर्द्धन कार्यक्रममा छैन किसानको आकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा १० साउन

पशुजन्य उत्पादनको लागत न्यूनीकरणका लागि प्रदेश सरकारले घाँसमा आधारित पशुपालनमा जोड दिएको छ।

किसानलाई घाँस उत्पादन गर्न अनुदान दिएर दानाको माग कम गरी पशुउत्पादन लागत कम गर्नका लागि घाँसखेती प्रोत्साहन कार्यक्रम सञ्चालन भए पनि यसमा किसानको आकर्षण भने छैन । यस कार्यक्रमबाट खेतीयोग्य जमिन सदुपयोग हुने र पशुचौपायाका लागि दाना खर्च घटाउने लक्ष्य राखिएको थियो । गण्डकी प्रदेश सरकार मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीले गत आर्थिक वर्षमा सञ्चालन गरेको बाँझो जमिनमा घाँसखेती प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित बजेट अत्यन्त कम खर्च भएको छ। कार्यालयले जिल्लामा छ सय रोपनी जमिनमा घाँसखेती गर्नका लागि अनुदानका लागि रु १८ लाख ६० हजार बजेट विनियोजन गरेकामा रु तीन लाख ३३ हजार मात्र खर्च भएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले जानकारी दिनुभयो। कार्यक्रमका लागि विनियोजित गरिएको रु १५ लाख २७ हजार रकम खर्च नै हुन सकेन । सो कार्यक्रमका लागि १६ कृषक फार्म तथा कृषकबाट तीन सय १२ रोपनीका लागि आवेदन परेकामा तोकिएको मापदण्डअनुसार ११ वटा फार्मको एक सय ११ रोपनीमा लगाइएको घाँसखेतीका लागि मात्र अनुदान प्रदान गरिएको कार्यालयले जनाएको छ । कार्यालयले घाँसखेतीका लागि प्रतिरोपनी रु तीन हजारका दरले अनुदान उपलब्ध गराउने गरेको छ। कृषकले न्यूनतम तीन रोपनी क्षेत्रफल जमिनमा घाँसखेती गर्नुपर्नेछ । "खेतीयोग्यबाँझोजग्गाकोसदुपयोग गरी घाँसेबाली प्रवर्द्धनमार्फत पशु आहाराको उपलब्धता वृद्धि गरी उत्पादन लागत कम गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो," कार्यालय प्रमुख पाण्डेले भन्नुभयो, "तर यस कार्यक्रममा कृषकको त्यति धेरै आकर्षण देखिएन, आवेदन नै कम पऱ्यो भने भुक्तानीसम्म पुग्दा आवेदन दिएकाको समेत मापदण्डअनुसार भएन ।" विगतमा खेती गरिएको र विविध कारणले विगत तीन वर्षदेखि बाँझो रहन गएको जग्गा वा हालसम्म खेती नगरिएको तर खेतीयोग्य जग्गामा घाँस लगाउने कृषकले सरकारबाट अनुदान पाउने व्यवस्था गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले गरेको छ।

जिल्लास्थित भेटेरिनरी अस्पतालले सिफारिस गरेका एकवर्षीय तथा बहुवर्षीय भुइँ घाँस तथा डाले घाँसको खेती गर्ने कृषकले प्रोत्साहन रकम पाउनेछन् । व्यावसायिक पशुपालक कृषक घनश्याम तिमिल्सिनाले घाँसखेतीका लागि आफ्नै जमिनको समस्या, न्यून अनुदान रकम तथा अनुदानका बारेमा पर्याप्त जानकारी नहुनुलगायत कारणले कार्यक्रमप्रति कृषकको रुचि कम भएको बताउनुभयो । "कार्यक्रमका बारेमा कतिपय कृषकले समयमै जानकारीसमेत नपाउने अवस्था छ। अनुदान रकम पनि थोरै मात्र छ," उहाँले भन्नुभयो । जग्गा भाडामा लिएर सो जमिनमा समेत घाँसखेती गर्न सकिने र अनुदान पाउने भए पनि कागजी प्रक्रियाका कारणले समस्या हुने गरेको उहाँले बताउनुभयो।

# विपन्न घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
गोरखा १० साउन

गोरखाको अजिरकोट गाउँपालिकाले पालिकाभित्रका विपन्न तथा दलित घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न सुरुआत गरेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रममार्फत आवश्यक बजेट विनियोजन गरी पालिकाभित्रका सबै विपन्न र दलित घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न थालनी गरेको गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले जानकारी दिनुभयो । "स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका दलित तथा विपन्न घरपरिवारमा सहज स्वास्थ्य उपचार सेवा पुऱ्याउन पालिकाले निःशुल्क स्वास्थ्य बीमा गरिदिने कार्यक्रम अगाडि बढाएको हो", उहाँले भन्नुभयो, "यसबाट पालिकाभित्रका करिब ६ सय दलित तथा विपन्न घरपरिवार लाभान्वित हुनेछन् ।"

स्वास्थ्य बीमा गराउन सबै वडामा एक-एकजना बीमा दर्ता सहयोग परिचालन गरिएको छ । गाउँपालिका-१ र २ मा निःशुल्क स्वास्थ्य बीमा गराउने कार्यक्रम सुरु भइसकेको र अन्य वडामा केही दिनभित्रै कार्यक्रम सुरु हुने उहाँको भनाइ छ। गाउँपालिकाले दलित घरपरिवारमध्ये रोजगारीमा रहेका वा सार्वजनिक पद धारण गरेका व्यक्तिका परिवारले भने आफैँले बीमाबापतको रकम बुझाएर अनिवार्य बीमा गर्नुपर्ने व्यवस्था गरेको छ।

आर्थिक अवस्था कमजोर भएका एवं सामान्यदेखि जटिल स्वास्थ्य समस्यामा परेका समुदायका नागरिकहरूमा सहज स्वास्थ्य सुविधाको पहुँच विस्तार गर्न पालिकाले निःशुल्क बीमा कार्यक्रम ल्याएको हो । गाउँपालिकाले संविधानमा उल्लेख गरिएको नागरिकको स्वास्थ्य उपचारको मौलिक हक कार्यान्वयन गर्न निःशुल्क बीमा कार्यक्रमको थालनी गरेको अध्यक्ष देवकोटाले बताउनुभयो । "आफैँले बीमा गर्न नसक्ने अवस्थामा रहेका सबै विपन्न तथा दलित घरपरिवारको गाउँपालिकाले निःशुल्क स्वास्थ्य बीमा गरिदिनेछ", उहाँले भन्नुभयो, "यो कार्यक्रम पूर्णरूपमा कार्यान्वयन भएपछि आर्थिक अवस्था कमजोर भएका अजिरकोट गाउँपालिकाभित्रका कोही पनि दलित तथा विपन्न समुदायका नागरिकहरू अब स्वास्थ्य उपचार सेवाबाट वञ्चित हुनुपर्ने छैन ।" गाउँपालिकाले निःशुल्क बीमा गरिदिन सुरु गरेपछि लक्षित समुदायका घरपरिवार पनि खुसी भएका छन्।

विपन्न एवं दलित घरपरिवारलाई स्वास्थ्य निःशुल्क स्वास्थ्य बीमामा आबद्ध गराउन गाउँपालिकाले मुटु फाउन्डेसनसँग पनि सहकार्य गरेको छ।

# दमौली अस्पतालमा सर्पदंशको उपचार केन्द्र बनाइने

**पोखरापत्र संवाददाता**
दमौली १० साउन

तनहुँको सदरमुकामस्थित दमौली अस्पतालमा सर्पदंशको उपचार केन्द्र सञ्चालन गरिने भएको छ।

व्यास नगरपालिकाको सहयोगमा अस्पतालमा सर्पदंशको उपचार केन्द्र सञ्चालन गर्न लागिएको हो। सर्पले टोकेका बिरामीको उपचारका लागि जिल्लाभर नै उपचार केन्द्र नरहेकाले सदरमुकामको अस्पतालमा उपचार केन्द्र सञ्चालन गर्न लागिएको नगरपालिकाका प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो।

त्यसका लागि अस्पतालमा आवश्यक पूर्वाधारमा नगरपालिकाले सहयोग गर्नेछ । उहाँले भन्नुभयो, "सर्पले टोकेका बिरामीको उपचारका लागि पोखरा, चितवन वा अन्यत्रै जानुपर्ने बाध्यता छ, दमौलीमा उपचार केन्द्र सञ्चालन गर्न सकिए सर्पदंशपीडितलाई राहत पुग्नेछ ।" दमौलीमा अस्पतालमा वार्षिक रूपमा करिब ५० जना सर्पदंशका बिरामी आउने गरेको र त्यस्ता बिरामीलाई पोखरा वा चितवन पठाउने गरिएको दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो।

# गुणस्तरहीन खाद्य बिक्री गर्ने ३८ उद्योगविरुद्ध मुद्दा

**पोखरापत्र संवाददाता**
तनहुँ १० साउन

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले खाद्य स्वच्छता तथा गुणस्तर नियमनका क्रममा यहाँका ३८ उद्योगविरुद्ध मुद्दा दायर गरेको छ।

उक्त कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा खाद्य ऐनविरुद्ध गुणस्तरहीन खाद्य तथा पेय पदार्थ उत्पादन गर्ने ३८ उद्योगविरुद्ध मुद्दा दायर गरेको हो।

उक्त कार्यालयका प्रमुख ज्योति आचार्यका अनुसार ७७ उद्योगको अनुगमनपछि सङ्कलन गरिएको नमूना परीक्षणबाट ३८ उद्योगले गुणस्तरहीन वस्तु उत्पादन गरेका पाइएको हो । खाद्य ऐन २०२३ बमोजिम दूषित र न्यूनस्तर खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गर्ने व्यवसायलाई पाँच वर्ष कैद वा रु ५० हजार जरिवाना वा दुवै सजाय हुने प्रावधान छ । यही साउन १९ गतेदेखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ ले दूषित खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गर्नेलाई पाँच वर्ष कैद वा रु पाँच लाख जरिवाना वा दुवै सजाय हुने कडा प्रावधान छ।

उक्त कार्यालयले गत आर्थिक वर्षमा २१ वटा उजुरी सम्बोधन गरेको थियो। मसीयुक्त पत्रपत्रिकामा खानेकुरा नराख्न, मासुलगायतपरिकार पकाएर खानुपर्ने खाद्य पदार्थमा सेन्थेटिक रङको प्रयोग नगर्न, फलफूल पकाउन प्रतिबन्धित क्याल्सियम, कार्बोहाड्रेडको प्रयोग नगर्न कार्यालयले अनुरोध गर्दै आएको छ।

# एक हजार चार सय घरधुरीमा विद्युत् विस्तार

**रासस**
म्याग्दी, १० साउन

म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा एक हजार चार सयभन्दा बढी घरधुरीमा केन्द्रीय प्रसारण लाइन विस्तार भएको छ । नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका विभिन्न ठाउँमा एक हजार चार सय ३८ उपभोक्ता थपिएका जनाएको छ । केन्द्रका सूचना अधिकारी प्रकाश झाले थप ११ वटा नयाँ ट्रान्सफर्मर जडान गरेर विद्युत् वितरण गरेको जानकारी दिनुभयो।

"म्याग्दीका शतप्रतिशत घरधुरीमा केन्द्रीय प्रसारण लाइनको विद्युत् विस्तार गर्ने कार्यक्रममार्फत ११ वटा बस्तीका नौ सय ४५ घरधुरीमा बिजुली पुगेको छ", उहाँले भन्नुभयो, "यसअघि विद्युतीकरण भएका बस्तीमा थप चार सय ९३ घरमा यसपालि मिटर जडान भएको छ ।" मालिका गाउँपालिका-६ दुखुका ९९, रघुगङ्गा-७ चिमखोलामा ६५, ८ मङ्गलेका २३, धवलागिरि-६ मराङमा एक सय तीन, मालिका-२ रुममा दुई सय ५६, धवलागिरी-३ दरमा ७६, मालिका-३ खतेनमा ५०, लुप्सीपारमा ५४, मालिका-४ ओखरबोटमा एक सय दुई, मालिका-१ छिस र रिठेचौरका एक सय १७ घरधुरीमा नयाँ मिटर जडान भएको झाले बताउनुभयो । उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सिट्ठामा निर्भर स्थानीयवासीमा बिजुली बलेपछि खुसियाली छाएको छ।

# बेनी-जोमसोम सडक: बैसरीको भिरमा पहिरो रोकथाम गर्न 'रक एङ्करिङ'

**पोखरापत्र संवाददाता**
म्याग्दी १० साउन

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक दैनिक अवरुद्ध हुन थालेपछि म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ र ३ को सिमाना बैसरी अँधेरीखोलामा पहिरो रोकथामको काम थालिएको छ।

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकअन्तर्गत बैसरीको सडकमा खस्ने पहिरो पन्छाएर थप खस्न नदिन 'रक एङ्करिङ' प्रविधि प्रयोग गरेर रोकथामको काम थालिएको हो।

बेनी-जोमसोम-कोरला सडक आयोजना सबइन्जिनियर सोहनजङ्ग कार्कीले सडक माथिको पहाडमा ड्रिलिङ गरेर रड राखी, ढलानसहितको बेस बनाएर पहिरो रोकथामको काम थालिएको हो । रक एङ्करिङ गर्न ३० मिटर 'ड्रिलिङ' गरेर धमाधम रड राखिदैछ । पहाडमाथि पर्खाल बनाएर पहिरो रोक्ने संरचना बनाउन लागिएको सबइन्जिनियर कार्कीले बताउनुभयो । राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दी खण्डको ५० भन्दा बढी ठाउँमा पहिरो खस्ने, सहायक खोलाबाट आएको बाढीले बगाउने र कालीगण्डकीले कटान गर्ने समस्या छ।


बैसरीलगायतका ठाउँको पहिराले स्तरोन्नतिको क्रममा रहेको बेनी-जोमसोम सडक अवरुद्ध हुँदा म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र मुस्ताङका बासिन्दाका साथै पर्यटक र तीर्थयात्रीलाई आवतजावत गर्न समस्या भएको छ।


# कर्जा भुक्तानी गर्न आउने बारेको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०४/११)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यवसाय कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा, किस्ता व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ।

तपशिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| नामः जिवन सुनार<br>बाबुको नामः भोज बहादुर सुनार<br>बाजेको नामः भुमान सिं<br>ठेगानाः पो.म.न.पा.-२८, कास्की (हाल पोखरा-१६)<br>ना.प्र.नं.: ४६-०१-७१-११७९२, कास्की<br>जारी मिति : २०७१/१२/२९ |  | १) नाम : भोज बहादुर सुनार<br>बाबु : भुमान सिं सुनार<br>बाजे : जहर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.-२८ कास्की (हाल पोखरा- १६)<br>ना.प्र.नं.: २२८९ कास्की<br>जारी मिति : ०७१/०८/१५ | जिवन सुनारको नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १६, अर्मला स्थित कि.न. १२१७ र १२१८ कुल क्षेत्रफल १५५५/९४ व.मी र सो जगामा रहेको घर समेत। |

नोट : यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

विस्तृत जानकारीको लागि
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**